# नेपाल राष्ट्र बैंक

# प्रेस समाचार

नेपाल राष्ट्र बैंकका गभर्नर डा. युवराज खतिवडा भुटानको राजधानी थिम्पुमा जेठ २८ र २९ गते सम्पन्न एसियन क्लियरिङ यूनियन (Asian Clearing Union) को सञ्चालक समितिको ३९ औं बैठकमा सहभागी हुनुभई जेठ ३० गते काठमाडौं फर्कनुभयो ।

थिम्पु बैठकमा श्रीलंकाको कोलम्बोमा सम्पन्न ३८ औं बैठकबाट भारतीय रिजर्भ बैंकको अध्यक्षतामा गठित प्राविधिक समिति (Technical Committee) ले यूनियनका सदस्य मुलुकहरूबीचको भुक्तानी समासोधन सदस्य मुलुककै मुद्रामा गर्ने सिफारिस सहितको प्रतिवेदन प्रस्तुत गरेको थियो ।

बैठकमा सन् २००८ मा ACU का नौ सदस्य राष्ट्रबीच कुल ४२ अर्ब अमेरिकी डलर बराबरको Payment Settlement भएको र सन् २००९ मा यस्तो कारोबार ३३ प्रतिशतले घट्न गई जम्मा २८ अर्ब अमेरिकी डलर मात्र भएको जानकारी दिइएको थियो । कुल कारोबारमा ४१.८ प्रतिशतको भुक्तानी ACU Account Settlement Mechanism बाट र ५८.२ प्रतिशतको भुक्तानी Hard Currency मार्फत भएको थियो ।

बैठकले ACU Trade and Development Bank गठन गर्ने सम्बन्धमा एक अध्ययन समिति गठन गरेको छ । सो समितिले भारतको मुम्बईमा आयोजना गरिने आगामी ४० औं बैठकमा प्रतिवदेन प्रस्तुत गर्नेछ ।

थिम्पु बसाइका क्रममा गभर्नर डा. खतिवडाले भारतीय रिजर्भ बैंकका गभर्नरसँग नेपालमा भारु नगद आपूर्तिलाई सहज तुल्याउने बारेमा विस्तृत छलफल गर्नुभएको थियो ।

यसै गरी उहाँले भुटान, बंगलादेश, पाकिस्तान, श्रीलंका, इरान र म्यानमारका केन्द्रीय बैंकका गभर्नरसँग द्विपक्षीय व्यापार र सो को भुक्तानीमा सहयोग विस्तार गर्नेबारे छलफल गर्नुभएको थियो ।

गभर्नर डा. खतिवडाका साथ विदेशी विनिमय व्यवस्थापन विभागका कार्यकारी निर्देशक श्री भाष्करमणि ज्ञवाली पनि उक्त बैठकमा सहभागी हुनुभएको थियो ।

बैठकमा भाग लिन गभर्नर डा. खतिवडा जेठ २७ गते त्यसतर्फ प्रस्थान गर्नुभएको थियो ।

मितिः २०६७।२।३० गभर्नरको कार्यालय